# कालीमाटी गाउँ कार्यपालिकाको १३ औं बैठक

आज मिति २०८१।१२।२५ गते सोमबारका दिन विहान ११.०० बजे कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भई देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्कबहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | श्री दीप बहादुर वली | एमआइएस अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. कालो सूचि फूकुवाको सिफारिस सम्बन्धमा ।
३. भेरियशन गर्ने सम्बन्धमा ।
४. भूमिहीन दलित र भूमिहीन सुकुम्वासीको लगत प्रमाणीकरण सम्बन्धमा ।
५. सल्यान-कालिमाटी-बालुवा-हात्तीदमार-घुइयावारी-खर्कवार-चप्परगौडी रणनैतिक सडक सम्बन्धमा ।
६. सेतिखोला र डिमिरेखोला मोटरेवल पुल सम्बन्धमा ।
७. विविध ।

**निर्णयहरु:**

निर्णय नं. १

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १२ औं बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

निर्णय नं. २

कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०८/०५ गतेको निज निर्माण कम्पनीलाई कालोसूचिमा राखी ठेक्का सम्झौता रद्ध गर्ने टिप्पणी बमोजिम मिति २०८०/०८/१७ गते उक्त टिप्पणी उपर कालिमाटी गाउँपालिकाले टिप्पणी सदर गरी काठमाडौं महानगरपालिका वडा नं. ५ नक्साल स्थित विकोइ जयबागेश्वरी सिस्ने जेभिलाई कालोसूचिमा राख्ने निर्णय भए बमोजिम यस कालिमाटी गाउँपालिकालाई सम्झौता रद्धको विरुद्धमा काठमाडौं महानगरपालिका वडा नं. ५ नक्साल स्थित विकोइ जयबागेश्वरी सिस्ने जेभितर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.ऐ.को जे.भी.पार्टनर सुर्खेत जिल्ला साविक सहारे गाविस वडा नं. ६ हाल कायम गुर्भाकोट नगरपालिका वडा नं. ४ घरभई सूर्यविनायक वडा नं. ८ बस्ने वर्ष ५० को यज्ञ बहादुर खत्रीले कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रामपुर सल्यानलाई विपक्षी कायम गरी दायर गरेको करार बमोजिमको यथावत परिपालना गरी पाउँ भन्ने मुद्धामा (०८०-CP-०१६२) सम्मानित सल्यान जिल्ला अदालतको आदेश बमोजिम दुबै पक्ष विच आवश्यक छलफल गरी भएको मिलापत्रको निर्णय नं. ११७ बमोजिम मिति २०८१ कार्तिक ७ गते सम्मानित सल्यान जिल्ला अदालतबाट दुवै पक्ष सहमित भई मिलापत्र भएको र उक्त मिलापत्रमा उल्लेख भए बमोजिम निज विपक्ष विकोइ जयबागेश्वरी सिस्ने जेभिलाई कालोसूचिबाट हटाई १५ शैया कालिमाटी अस्पतालको बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएको हुँदा निज निर्माण व्यवसायलाई कालोसूचिबाट हटाउनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय केशरमहल, काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिमाटी गाउँपालिका वडा नं. १ स्थित चोप्रे सडक निर्माण योजनाको कार्यक्षेत्रमा कडा चट्टानको मात्रा धेरै भएको हुँदा प्राविधिक इष्टमेटलाई भेरियसन (Variation) गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कालिमाटी गाउँपालिका वडा नं. २ मा रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई वडा नं. २ बाट प्राप्त सिफारिसमा उल्लेख भएको श्रीमान पुनाराम सार्की र श्रीमती गौमती सार्कीको निवेदन दर्ता नं. ०००३ फारम नं. ०४१११७ बाहेक वडा नं. २ मा रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्वासीहरुको भूमि समस्या समाधान आयोगको लगत संकलन प्रविष्ट प्रणाली अनुसार प्रमाणीकरण गरी भूमि समस्या समाधान आयोग जिल्ला समिति सल्यानमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

सल्यान-कालिमाटी-बालुवा-हात्तीदमार-घुइयावारी-खर्कवार-चप्परगौडी रणनैतिक सडकको लागि केन्द्र सरकारबाट रु ४० करोड बजेट विनियोजन भएकोमा ठेक्का टेण्डर प्रक्रिया द्वारा जम्मा १० किलोमिटर सडक कालोपत्रे भएको र हाल सो रणनैतिक सडकमा केन्द्रसरकारबाट बजेट विनियोजन नभइ बाँकी सडक अलपत्र परेको हुँदा आ.ब.२०८२/०८३ को लागि संघीय सरकारसँग आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

मदनभण्डारी राजमार्ग अन्तर्गत दाङ-सुर्खेत सडक खण्डको सेतिखोला र डिमिरेखोलामा मोटरेवल पुल नभएको हुँदा सवारी आवागमन अवरुद्ध भई नागरिकहरुले ठुलो सास्ती व्यहोर्नुपर्ने भएको हुँदा सो मोटरेवल पुल निर्माणको लागि आ.ब. २०८२/०८३ को बजेटमा मोटरेवल पुल निर्माण योजना रातो कितावमा समावेश गर्न संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो।

गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

निर्णय नं. ७

क. कालिमाटी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले आयोजना गरेको राष्ट्रपति रनिङशिल्ड पालिका तथा जिल्ला स्तरीय रुपमा संचालन भएको प्रतियोगिता कार्यक्रम संचालनको लागि रु ७ लाख बजेट विनियोजन भएकोमा सो रकम अपुग हुन गएकाले तपसिल बमोजिमका शीर्षकहरुबाट रकमान्तर गरी बाँकी रकम राष्ट्रपति रनिङशिल्डमा भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | बजेट शीर्षक | बजेट | राष्ट्रपति रनिङ शिल्ड (खर्च शीर्षक) | बजेट |
|---|---|---|---|---|
| १ | विद्यालय अनुगमन | १ लाख ५० हजार | विद्यालय अनुगमन | ५८ हजार |
| २ | प्र अ भत्ता | २ लाख | प्र अ भत्ता | ५० हजार |
| ३ | क्यालेन्डर | १ लाख | क्यालेन्डर | १ लाख |
| | विविध | ५० हजार | विविध | ५० हजार |
| | | | जम्मा | २ लाख ५८ हजार |

ख. आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित कार्यक्रम तथा बजेटलाई तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

घटाउने थप्ने

| क.सं. | कार्यक्रमको नाम | | कार्यक्रम थप्ने | बजेट |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी (भूमि तर्फ) | ३ लाख २५ हजार | साइवर अपराध सम्बन्धि सचेतनामूलक कार्यक्रम | ३ लाख २५ हजार |
| २ | पञ्जीकरण विविध | १ लाख ७५ हजार | साइवर अपराध सम्बन्धि सचेतनामूलक कार्यक्रम | १ लाख ७५ हजार |
| ३ | फर्निचर खरिद | २ लाख | बायोमेट्रिक डिभाइस खरिद | २ लाख |

ग. कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित इलाका प्रहरी कार्यालय रामपुर सल्यानलाई तपसिल बमोजिमका समाग्री उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | समाग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | कुर्सी | १ (एक) थान |
| २ | टेवल | १ (एक) थान |
| ३ | पलास्टिक कुर्सी | ६ (छ) थान |

घ. कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित श्री शारदा जनकल्याण माध्यामिक विद्यालय रामपुर,सल्यानमा विद्यालयको भौतिक अस्थाको सुधार गर्नको लागि विज्ञान प्रयोगाशाला निर्माण र विद्यालयमा सि.सि.क्यामरा जडान गर्नको लागि अन्य निर्माण शीर्षकबाट रकमान्तर गरी रु १० लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ. कालिमाटी गाउँपालिका वडा नं. ५ स्थित स्वामी चिरा सफाई योजना दमदुवाली रु १ लाख र बालुवा फिल्ड माटो फिलिङ योजनाका लागि रु ५० हजार रकम वडा नं. ५ को लिफ्ट सिचाई मर्मत योजना शीर्षकबाट रकमान्तर गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।